# नरैनापुर गाउँपालिका
**Narainapur Rural Municipality**
**गाउँ कार्यपालिकाको कार्यालय**
## Office of Rural Municipal Executive

नरैनापुर, बाँके
**Narainapur, Banke**

लुम्बिनी प्रदेश, नेपाल
**Lumbini Province, Nepal**

**प. सं. Ref. No.-:२०८२।०८३** **मिति Date:- वि.सं.२०८२।१२।०७**

**च. नं. Dispatch No. -:** **ने.सं. ११४७**

## ईद-उल-फित्र पर्वको अवसरमा स्थानीय सार्वजनिक बिदा सम्बन्धी सूचना !

इस्लाम धर्मावलम्बी दाजुभाइ तथा दिदीबहिनीहरूको महान् एवं पावन पर्व ईद उल फित्र (ईद-उल-फित्र) १४४७ हिजरीको मुख्य दिन मिति २०८२ चैत ७ गते शनिबार परेको छ। मुस्लिम आयोगबाट प्राप्त जानकारीअनुसार शव्वाल महिनाको चन्द्रमा नदेखिएकोले उक्त दिन ईद मनाइने भएको छ। यो अवसरमा रमजान महिनाभरि गरिएको रोजा (उपवास) को समापन गरी खुसी, एकता, प्रेम, सद्भाव तथा क्षमाको सन्देश बोकेर मनाइने यो पर्वले हाम्रो बहुधार्मिक समाजमा आपसी भाइचाराको भावना अझ सुदृढ बनाउँछ।

यस सन्दर्भमा, नरैनापुर गाउँपालिका कार्यालय तथा सम्बद्ध सबै वडा कार्यालयहरूमा मिति २०८२ चैत ८ गते आइतबारका दिन स्थानीय सार्वजनिक बिदा कायम गरिएको छ। उक्त दिन गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरू बन्द रहनेछन् (अत्यावश्यक सेवा बाहेक)। यो पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका इस्लाम धर्मावलम्बीहरुका साथै सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा ईद मुबारक ! हार्दिक शुभकामना व्यक्त गर्दछु। सबै नागरिकमा सुख, शान्ति, स्वास्थ्य, समृद्धि तथा आपसी सद्भाव कायम रहोस् भन्ने कामना गर्दछु।

इस्तियाक अहमद शाह
गाउँपालिका अध्यक्ष